आज मिति २०७६/०६/२८ गते मंगलबारका दिन यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री जीत बहादुर राई ज्यूको अध्यक्षतामा माईजोगमाई गाउँकार्यपालिकाको ७२ औं बैठक देहायका सदस्यहरुको उपस्थितिमा बसि तपशिल बमोजिमका प्रस्तावहरु उपर छलफल गरि निर्णयहरु गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री जीत बहादुर राई | माईजोगमाई गा.पा. | अध्यक्ष |
| श्री सावित्रा भट्टराई | माईजोगमाई गा.पा. | उपाध्यक्ष |
| श्री याम कुमार कार्की | | १ नं. वडा अध्यक्ष |
| श्री डम्बर बहादुर सुबेदी | | २ नं. वडा अध्यक्ष |
| श्री याम प्रसाद लामा | | ३ नं. वडा अध्यक्ष |
| श्री गणेश राई | | ४ नं. वडा अध्यक्ष |
| श्री दाताराम सञ्जेल | | ५ नं. वडा अध्यक्ष |
| श्री भवानी प्रसाद लिङ्दम | | ६ न वडा अध्यक्ष |
| श्री कविता राई | | सदस्य |
| श्री मीरा देवि खवास | | सदस्य |
| श्री सोम कुमारी साउदेन | | सदस्य |
| श्री मन कुमारी लिम्बु (आङभाङ) | | सदस्य |
| श्री वीर बहादुर देवान | | सदस्य |
| श्री याम बहादुर विश्वकर्मा | | सदस्य |
| श्री चन्द्र प्रकाश बस्नेत | | सदस्य सचिव |

**अन्य उपस्थिति**

श्री मान बै. पौडेल

श्री वीरध्वज लिम्बु

श्री प्रकाश कु. प्रधान

श्री चन्द्र राई

श्री भीम कुडाँयाको

प्रस्तावहरुः

१. वडागत कार्यप्रगति सम्बन्धमा।
२. मूख्य सडक मार्गहरुको मर्मत सम्बन्धमा।
३. स्वास्थ्य सेवा तर्फको कर्मचारी समायोजन सम्बन्धमा।
४. योजना अनुगम सम्बन्धमा।

निर्णयहरुः

१. यस माईजोगमाई गाउँपालिकाको आ.व. ०७६/०७७ का लागि स्वीकृत वडा स्तरी कार्यक्रम/योजनाहरुको कार्यन्वयनका लागि अधिकांश कार्यक्रम/योजनाहरुको उपभोक्ता समिति गठन भएको र कार्तिक मसान्त भित्र उपभोक्ता समितिहरुलाई क्षमता विकासको तालिम दिई योजना सञ्चालन गर्ने निर्णय गरियो।

२. यस गाउँपालिकाको महत्वपूर्ण सडक मार्गहरुको सडक सुधारका लागि यस गाउँपालिका अन्तर्गत रहेको हेविईक्वीमेन्ट सञ्चालन समितिलाई प्रकृया पुरा गरी आएका सडकहरुलाई प्राथमिकताका आधारमा सडक सुधार गर्न निर्देशन दिने निर्णय गरियो।

३. कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७ बमोजिम समायोजन भई यस गाउँपालिकाबाट अन्यत्र जानुभएका कर्मचारीहरुलाई सह-धन्यवाद रमाना दिने र यस गाउँपालिकाको स्थानिय सेवाको पदमा समायोजन भई आउनु भएका कर्मचारीहरुलाई हार्दिताका साथ स्वागत गर्ने साथै स्वास्थ्य सेवा तर्फ समायोजन पश्चात भएको पद रिक्ततालाई मध्यनजर गर्दै स्थानियता, लैङ्गिग समताका आधारमा पदस्थापन गरी कामकाजमा खटाउने निर्णय गरियो।

४. यस गाउँपालिकाको आ. ब. २०७६/०७७ का लागि स्वीकृत गाउँपालिका स्तरीय योजना र वडा स्तरीय योजनाहरुको बारेमा छलफल हुदाँ गाउँपालिका स्तरीय योजनाहरु गा.पा.स्तरीय योजना अनुगमन समितिको प्रत्यक्ष निगरानीमा प्राविधिक स्टीमेट र कार्यसम्पन्न भएपछि अनुगमन गरेर मात्र भुक्तानी दिने र वडास्तरको स्वीकृत योजनाहरुको हकमा वडास्तरीय योजना अनुगमन समितिको प्रत्यक्ष निगरानीमा प्राविधिक स्टीमेट र कार्यसम्पन्न भए पछि अनुगमन समितिले अनुगमन गरेको प्रतिवेदनका आधारमा मात्र भुक्तानी दिने निर्णय गरियो।